आज मिति २०७४ माघ ९ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहायबमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थिती |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थिती |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिती |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - सामान्य प्रशासन शाखा | श्री कुमारकञ्चन जि.सी | ,, |
| लेखा अधिकृत | श्री मेघनाथ आचार्य | |

**निर्णय नं १:** आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि व्यास नगरपालिकाद्वारा प्रस्तावित आय तथा व्ययका कार्यक्रममा यस आ.व. को बजेटमा दश प्रतिशत वृद्धि गरी कार्यक्रम बनाई सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नं २:** यस व्यास न.पा. मा रहेको आर्थिक समितिले सिफारिस गरेका निम्न अनुसारका कृषिका कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(**क**) आ.व. २०७४/०७५ को कृषि शाखातर्फको आलु तरकारी तथा मसला विकास कार्यक्रम/युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम संचालनको लागि यस कृषि शाखामा पेश भएका १० वटा निवेदनहरुमध्ये युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७१ बमोजिम निर्धारित छनौटका आधारमा (उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिममा पेश गरेको कार्य योजना, व्यवसायको सम्भाव्यता, वास्तविक लक्षित वर्ग, स्थलगत फिल्ड अवलोकन साथै मिति २०७४ मंसिर ७ गते बसेको आर्थिक विकास समितिको तपसिल बमोजिमको निर्णय यस वोर्ड वैठकबाट अनुमोदन भएको निर्णय गरियो ।

| सि.नं | दर्ता नम्बर | आवेदकको नाम | ठेगाना | अनुदान रकम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | २००४ | निश्चल लोहनी | व्यास १२ पालिङ्ग | ४०,०००। | ९८२५१११११५७ |
| २ | १९६८ | उषा विष्ट | व्यास ९ सिम्ले | ४०,०००। | ९८४६०१०९०१ |
| ३ | २००२ | नविन सुर्खाली | व्यास १२ पालिङ्ग | ४०,०००। | ९८०४१६७८६१ |
| ४ | १९८९ | रेखाराम कडेल | व्यास १२ कमलवारी | ४०,०००। | ९८४६४३७२४९ |
| ५ | २००० | विपिन गौली | व्यास १ भादगाउँ | ४०,०००। | ९८१६६९५१७१ |
| जम्मा | | | | २,००,०००। | |

**वैकल्पिक छनौट:**

| सि.नं | दर्ता नम्बर | आवेदकको नाम | ठेगाना | अनुदान रकम | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|
| १ | १९९१ | धनराज गोदार | व्यास ९ गजौडे | | ९८४६७७०६८७ |
| २ | १९६९ | विशालदेव अधिकारी | व्यास १० डिहीगाउँ | | ९८१५१०१८९१ |

(**ख**) आ.व. २०७४/०७५ को व्यास न.पा. कृषि शाखा तर्फको सहकारी खेती साना सिंचाई तथा मल बिऊ ढुवानी कार्यक्रमतर्फको साना सिंचाई निर्माण तथा मर्मत कार्यक्रमहरुको लागी यस कार्यालयको कृषि शाखामा पेश भएका ९ वटा निवेदनहरुमध्ये व्यवसायिक खेती भएका जनजाति तथा पिछडिएका वर्गहरु सहभागी भएका समूह, दूर्गम स्थल विगतमा परेका योजनाहरु नदोहोरिने गरी प्राथमिकता दिई साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रमको लागि विनियोजित रकम रु.३,००,०००। तीन लाख रुपैया मध्ये कन्टेन्जेन्सी ५ प्रतिशत रकम रु.१५,०००। पन्ध्र हजार छुट्याई बाँकी रकम रु.२,८५,०००। दुई लाख पचासी हजार रुपैयां मात्र मिति २०७४ मंसिर ७ गतेका दिन आर्थिक विकास समितिवाट छनौट भएका तपसिल बमोजिमका आयोजनाहरु संचालन हुने व्यहोरा यस वोर्डबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | सिंचाई योजनाको नाम | ठेगाना | अध्यक्षको नाम | कृषक समूहको नाम | अनुदान रकम | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|
| १ | अमले खेत सि.यो. | व्यास ८ | धर्मराज वगाले | अमले खेत कृ.सि. | ७१,२५०। | ९८४६०९२१३८ |
| २ | मान्केटारी सि.यो | व्यास ११ | बल ब. पोखेल | रानीगाउँ टो.वि. | ७१,२५०। | ९८४६०९००२३ |
| ३ | शिशुवा भतेरी सि.यो. | व्यास १० | श्रीकृष्ण आचार्य | शिसुवा भतेरी सि.यो. | ७१,२५०। | ९८४९८०९०२८ |
| ४ | भतेरी खेत सि.यो. | व्यास ५ | बलभद्र खनाल | कन्टार भतेरी खेती कृषक समूह | ७१,२५०। | ९८४६०६७११५ |
| वैकल्पिक योजनाहरु | | | | | | |
| ५ | खाद्यान्न बाली उत्पादन सि.यो. | व्यास ६ | भानुभक्त पण्डित | खाद्यान्न बाली उत्पादन कृषक समूह | | ९८१५१६९२३८ |
| ६ | गोल्ला टोल विकास सिंचाई योजना | व्यास १२ | नविन थापा | गोल्ला टोल विकास संस्था | | ९८४६४०२९१० |

**(ग)** आ.व २०७४/०७५ को व्यास न.पा. कृषि शाखा तर्फको कृषि प्रसार कार्यक्रमतर्फको क्लष्टरमा तरकारी उत्पादन कार्यक्रमको दोस्रो चौमासिक लक्ष्य बमोजिम यस न.पा. अन्तर्गत कृषि शाखामा परेका निवेदनहरुमध्ये स्थलगत फिल्ड अनुगमन साथै मिति २०७४ मंसिर ७ गतेको दिन आर्थिक विकास समितिवाट छनौट भएका तपसिल बमोजिमका निवेदनहरु संचालन हुने व्यहोरा वोर्डबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | दर्ता नं | समुहको नाम/कृषकको नाम | ठेगाना | अध्यक्षको नाम | सम्पर्कक नम्वर |
|---|---|---|---|---|---|
| १ | २९२१ | रामहरी सेढाइ | व्यास १३ | | ९८४६३७१८९६ |
| २ | २५७० | पुरानो डिहीटोल विकास संस्था | व्यास ११ | कल्पना नेपाली | ९८४६२३३१३७ |
| ३ | २६५२ | दिलवहादूर राना | व्यास १३ | | |
| ४ | २६२८ | दिदी वहिनी कृषक समूह | व्यास १ चारकूने | सन्तुमाया वस्नेत | |
| ५ | ३२८४ | नेपालटार कृर्षक समुह | व्यास ५ नेपालटार | | |
| ६ | ३२८५ | पतेनीटार कृषक समुह | व्यास ५ पतेनीटार | | |

**(घ)** आ.व.२०७४ /०७५ को व्यास न.पा. कृषि शाखातर्फको सहकारी खेती साना सिंचाई तथा मल बिऊ ढुवानी कार्यक्रमको प्लाष्टिक पोखरी निर्माणको निवेदन नपरेकोले पून: सूचना आव्हान गरी निवेदन माग गर्ने ।

**निर्णय नं ३:** व्यास नगरपालिकाको गत नगर सभाबाट सौर्यउर्जा (सोलार बत्ती) शीर्षकमा विनियोजन भएको रकम रु.३०,००,०००। (तीस लाख) लाई सडक बत्ती व्यवस्थापन गर्न योजना परिवर्तन गर्ने निर्णय गरियो । साथै सडक बत्तीका लागि आवश्यक सामानहरुको नियमानुसार टेण्डर गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:** यस आ.व.मा पोल तथा तार खरिद गर्ने कार्यक्रमलाई टेण्डर प्रक्रिया मार्फत अगाडि बढाउने निर्णय गरियो । साथै यसका लागि ल.ई लगायतका कार्य विद्युत प्राधिकरणसँग समन्वय गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:** यही २०७४ साल माघ १६ गतेदेखि २१ गतेसम्म बाग्लुङ्ग मेयर कप फुटबल प्रतियोगिता २०७४ मा व्यास न.पा. बाट खेलाडी पठाई सहभागी हुने र यसको व्यवस्थापनका लागि तत्काल १,००,०००। (एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** निम्न योजनाहरु सम्पन्न गर्न निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | ३ | खेलकुद मैदान निर्माण थप | २,५०,०००। |
| २ | ८ | सोतीवेसी जेष्ठ नागरिक भवन निर्माण | १,५०,०००। |

**निर्णय नं ७:** व्यास नगरपालिका वडा नं १४ मा रहेको छाब्दी बाराही मन्दिरको पार्किङ्ग शुल्कको वारेमा स्थानीयहरुवाट पुन बिचार गर्न माग भइआएकोमा उक्त ठेक्कालाई २०७५ असारमसान्त सम्मलाई निरन्तरता दिने निर्णय गरियो । साथै ठेकेदारबाट सम्झौता विपरीत गतिविधि गरेको भन्ने गुनासोका सम्बन्धमा जाँचबुझ गरी पेश गर्न राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८:** यस व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई १ (एक) जना हलुका सवारी चालक (ट्याक्टर ड्राइभर) आवश्यक भएको हुदाँ (करार सेवामा) विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:** नगरपालिकाको निर्माणाधीन बहुउद्देश्यीय भवन निर्माण गर्ने ठेकेदार श्री सिर्नजी विल्डर्स् प्रा.लि.बाट विविध कारण देखाई भवन निर्माणको म्याद थप माग भएकोले हाललाई बढीमा छ महिना सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:** यस व्यास न.पा. पशु विकास शाखाबाट मिति २०७४/०९/०४ गते सूचना प्रकाशन गरी बिभिन्न कार्यक्रमका लागि प्रस्ताव सम्बन्धी माग गरिएका निवेदन उपर आवश्यक छानबिन गरी वोर्ड बैठकमा पेश गर्न आर्थिक विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।